# कर्णाली प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
# वीरेन्द्रनगर, सुर्खेत

मिति: २०८२/०९/०७

**सुशासन पुस्तकका लागि लेख रचना उपलब्ध गराउने सम्बन्धी सूचना**

यस कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार **सुशासन पुस्तक प्रकाशन** गर्ने कार्यक्रम रहेको छ। उक्त पुस्तक प्रकाशन गर्ने प्रयोजनार्थ प्रदेश सरकार मातहतका कर्मचारी तथा पदाधिकारीहरू लगायत बाह्य विज्ञहरूबाट समेत प्रदेश सरकारको सेवा प्रवाह र शासकीय प्रवन्ध, सार्वजनिक व्यवस्थापन, विकास व्यवस्थापन, सुशासन, सार्वजनिक सेवा प्रवाह, नवप्रवर्तनात्मक कार्य, प्रदेश सरकारसँगको अनुभव एवम् नीति, योजना तथा कार्यक्रमसँग सम्बन्धित विषयमा देहायको ढाँचा र सर्तमा रही लेख रचना मिति २०८२।११।२० गतेभित्र उपलब्ध गराउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**लेखमा समावेश हुनुपर्ने विषयहरू:**

- शीर्षकरु
- लेखकको परिचय (नाम, पद, कार्यालय, विषय विज्ञता, अनुभव, फोन, इमेल, Digital Photo)
- लेखको सारांश
- मुख्य विषयवस्तु
- निष्कर्ष
- सन्दर्भ सामग्रीहरु

**मापदण्ड / शर्तहरू:**

- लेख रचना कालिमाटी फन्ट ११ साइजमा हुनुपर्नेछ।
- लेख रचना कम्तिमा २५०० देखि अधिकतम ५००० शब्दको हुनुपर्नेछ।
- भाषा नेपाली वा अङ्ग्रेजी वा दुबै भाषा प्रयोग गर्न सकिनेछ।
- लेख रचना छनोट र प्रकाशन गर्ने नगर्ने अधिकार यस कार्यालयमा रहनेछ।
- प्रकाशन भएको लेख रचना वापत लेखकलाई प्रचलित कानून बमोजिम पारिश्रमिक उपलब्ध गराइनेछ।
- अन्यत्र प्रकाशित भइसकेका र प्रकाशन हुने भएका लेख रचनाहरु उपलब्ध गराउन पाइने छैन तर समयानुकुल संशोधित विषय राखिएको भएमा प्रकाशन गर्न सकिनेछ।
- यस पुस्तकमा प्रकाशन भएका लेख रचनाको सर्वाधिकार प्रदेश सरकारमा रहनेछ।
- लेख रचना प्रकाशन भएको विषयमा सम्बन्धित लेखकले स्पष्ट पार्नुपर्नेछ।
- लेख रचनाको प्रिन्ट कपी सहित इमेल gov.ocmcmkarnali@gmail.com मा सफ्टकपी पठाउनु पर्नेछ।